# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति :- २०८१/०८/०३ गते)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त यस संस्थालाई कोशी प्रदेशका पहाडी जिल्लाहरु र बागमति प्रदेशका जिल्लाहरुमा कार्यक्षेत्र रहने गरी देहाय बमोजिमका पदहरुमा कर्मचारी आवश्यकता परेको हुँदा खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले आजको मितिले १५ दिनभित्र आवेदन दिन आव्हान गरिन्छ। आवेदन फाराम वित्तीय संस्थाको वेभसाइट www.slbsl.com.np बाट download गरी लिन सकिनेछ। आवेदनमा भएका विवरण भरी हालसालै खिचिएको पासपोर्ट साइजको फोटो-४, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी, कार्य अनुभवको प्रमाणित कागजात सहितको बायोडाटा संस्थाको केन्द्रीय कार्यालय वा ई-मेल vacancy@slbsl.com.np मा पठाउन सकिनेछ। प्राप्त हुन आएका आवेदनहरु मध्ये रितपूर्वकका योग्य आवेदनहरुको छोटो सूची (Short List) र अन्तरवार्ता सम्बन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ।

| विज्ञापन नं. | पद | श्रेणी | संख्या | आवश्यक योग्यता |
|---|---|---|---|---|
| ०३/२०८१/८२ (खुल्ला) | नायब व्यवस्थापक (विभागीय प्रमुख) | व्यवस्थापकीय श्रेणी (कार्यकारिणी तह) | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट CA/ACCA सरहको परीक्षा उतिर्ण भएको र बैंक तथा वित्तीय संस्थामा कार्यअनुभव भएकोलाई विशेष प्राथमिकता दिइनेछ। वा मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन संकायमा स्नातक तह वा सो सरह उतिर्ण भई लेखा व्यवस्थापनको क्षेत्रमा ४ वर्षको कार्यअनुव भएको वा Semi-qulified चार्टड एकउन्टेन्सी उतिर्ण गरी बैंक वित्तीय संस्था वा संगठित संस्थामा कम्तीमा ३ वर्षको अनुभव भएकोलाई विशेष प्राथमिता दिइनेछ। (व्यवस्थापन संकायमा स्नातकोत्तर तह उतिर्ण भएकालाई विशेष प्राथमिकता दिईनेछ।) |
| ०४/२०८१/८२ (खुल्ला) | सहायक व्यवस्थापक (विभागीय प्रमुख) | व्यवस्थापकीय श्रेणी (कार्यकारिणी तह) | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरह उतिर्ण भई माग गरीएको पद भन्दा एक तह मुनीको पदमा कम्तीमा ४ वर्षको कार्य अनुभव भएको। (स्नातकोत्तर तह उतिर्ण भएकालाई विशेष प्राथमिकता दिईनेछ।) |
| ०५/२०८१/८२ (खुल्ला) | शाखा प्रमुख (वरिष्ठ सहायक देखि कनिष्ठ अधिकृत सम्म) | सहायक/अधिकृत | केही | अधिकृत श्रेणीका लागि स्नातक वा सो सरह उतिर्ण भई लघुवित्त क्षेत्रमा अनुगमन तथा शाखा प्रमुखमा ३ बर्षको कार्यअनुभव भएको र सहायक श्रेणीको पदका लागि प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई माग गरीएको पद भन्दा एक तह मुनीको पदमा कम्तीमा २ बर्षको लघुवित्त सम्वन्धी कार्यअनुभव भएको हुनुपर्नेछ। |
| ०६/२०८१/८२ (खुल्ला) | कनिष्ठ सहायक प्रशिक्षार्थी | सहायक | केही | प्रविणता प्रमाणपत्र तह वा एसईई वा सो सरह परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ। अनमी, जेटिए गरेका उम्मेदवारहरुलाई प्राथमिकता दिइनेछ। |

**थप जानकारी**

१. उमेरको हद : व्यवस्थापकिय श्रेणीका लागि २५ बर्ष पुरा भई ४५ बर्ष ननाघेको तथा अधिकृत श्रेणीको लागि २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको र सहायक पदका लागि १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको। महिला उम्मेदवारको हकमा माथिल्लो उमेरको हदमा ५ बर्ष थप हुनेछ।

२. उल्लिखित पदहरुका लागि इमेल, इन्टरनेट र कम्प्युटर सञ्चालन सम्बन्धी ज्ञान भएको हुनु पर्नेछ।

३. संस्थाको स्वीकृत कार्यक्षेत्र भित्रका स्थानिय आवेदकलाई ग्राहयता दिइनेछ।

४. मोटरसाइकल/स्कुटर चालक अनुमतिपत्र प्राप्त व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ।

५. तलब भत्ता तथा सेवा सुविधा वित्तीय संस्थाको नियमानुसार हुनेछ।

६. छनौट प्रक्रिया : छोटो सुची, अन्तर्वार्ता। रित पूर्वक प्राप्त आवेदन मध्ये छनौट सूचीमा परेका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्ताका लागि सुचित गरिनेछ। रित नपुगेका र म्याद नघी आएका आवेदनहरु उपर कुनै कारवाही गरिने छैन।

७. कर्मचारी भर्ना छनौट सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित हुनेछ।


**सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**

**पदपूर्ति समिति**

**केन्द्रीय कार्यालय, बनेपा-१४ साँगा, काभ्रेपलाञ्चोक, फोन : ०११-६६२२५१/६६०४५२**